# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।११।२८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला समन्वय समितिको कार्यालय, कैलाली, धनगढीका नायव सुब्बा जगदिश बहादुर शाहको इन्टरको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको र सोही प्रमाणपत्रको आधारमा नोकरी खाइरहेको साथै बढुवासमेत हुन लागेको हुँदा कारवाही गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज नायव सुब्बा जगदिश बहादुर शाहले माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, इलाहाबाद, उत्तरप्रदेश भारतबाट प्राप्त इन्टरमिडियट तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नायव सुब्बा र अधिकृत छैठौं पदमा बढुवा समेत भई लाभ तथा सुविधा समेत लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा(१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता